# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग
# Patan Academy of Health Sciences
## Service Commission
लगनखेल-५, ललितपुर, नेपाल Lagankhel-5, Lalitpur, Nepal


**कार्यक्षमता मूल्याङ्कनको आधारमा हुने बढुवा सूचना नं. ५/०७४-७५**

**प्रशासनिक पदहरुको लागि**

(प्रथम पटक प्रकाशित : मिति : २०७४/०८/०८)

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रशासनिक सेवा अन्तर्गत विभिन्न समूहहरुमा रिक्त निम्नलिखित पदहरुमा कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा गरी स्थायी पदपूर्ति गर्नको लागि प्रतिष्ठानको सम्वन्धित सेवा, समुह र उप-समूहमा सहायक तहको हकमा तीन (३) बर्ष र अधिकृत तहको हकमा चार (४) बर्ष स्थायी सेवा अवधि पूरा गरी योग्यता पुगेका एक तह मुनिका उम्मेदवारहरुले मिति २०७४/०८/२८ गतेसम्म र नियमानुसार दोब्बर दस्तुर तिरी २०७४/०९/०५ गते सम्म कार्यालय समय भित्र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा आयेगको कार्यालय लगनखेल, ललितपुरमा आईपुग्ने गरी दरखास्त आह्वान गरिन्छ। आवेदन फारम प्रतिष्ठानको वेवसाइट www.pahs.edu.np/service commission बाट डाउनलोड गरि सेवा आयोगमा बुझाउन सकिनेछ। दरखास्त दस्तुर वापतको रकम लक्ष्मी बैङ्क लि.लगनखेल शाखामा रहेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको खाता नं. ००१८१०४००००४५५ मा बुझाई सो को सक्कल भौचर र निम्नलिखित कागजातहरुको १/१ प्रमाणित प्रतिलिपि पेश गनुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन।

१. विज्ञापित पद/तहसँग सम्बन्धित प्रवेशिकादेखि माथिका शैक्षिक योग्यता लब्धाङ्क-पत्र र प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
३. अनुभव/तालिमको प्रमाण-पत्र।
४. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो एक (१) प्रति।
५. प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा न्यूनतम चार (४) बर्ष र सहायक तहको हकमा न्यूनतम तीन (३) बर्ष स्थायी सेवा अवधि पुगेको भनी सम्बन्धित प्रमुखले गरेको सिफारिस-पत्र।
६. प्रतिष्ठान अन्तर्गतका निकायमा स्थायी नियुक्ति पाएको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
७. बिदेशी लव्धाङ्ग-पत्रको सम्बन्धमा प्रमाणीकरण गरेको प्रमाणित प्रतिलिपि।
८. दरखास्त बुझाउने समय बुधबार र शनिबार बाहेक विहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म।

| क.सं | वि.नं. | पद | सेवा | समूह | किसिम | तह | माग संख्या | परीक्षा दस्तुर | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४०/०७४-७५ | सहायक ओ.पी.डी. | प्रशासन | ओ.पी.डी. | का.क्ष.मू. | ३ | २ | ८००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीण गरेको हुनुपर्नेछ। |
| २. | ४१/०७४-७५ | सहायक ओ.पी.डी. | प्रशासन | ओ.पी.डी. | का.क्ष.मू. | ४ | १ | ८००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीण गरेको हुनुपर्नेछ। |
| ३. | ४२/०७४-७५ | लेखा सहायक | प्रशासन | लेखा | का.क्ष.मू. | ४ | १ | ८००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीण गरेको हुनुपर्नेछ। |

सचिव
सेवा आयोग


Email: pahs@pahs.edu.np
Website: www.pahs.edu.np/about/service-commission
Tel: +977-1-5545112 Fax: +977-1-5545114 P.O. Box: 26500 Kathmandu, Nepal